नेपाली राजदूतावास
नयाँ दिल्ली
EMBASSY OF NEPAL
New Delhi

# विद्युतीय राहदानी (e-Passport) सेवा सम्बन्धी सूचना

यस नियोगले मिति २०७९ जेठ २५ गते तदनुसार सन् २०२२ जुन ८ देखि विद्युतीय राहदानी (e-Passport) सेवा शुरु गरेको ब्यहोरा सम्पूर्ण नेपाली दिदीबहिनी-दाजुभाईमा सहर्ष अनुरोध छ ।

विद्युतीय राहदानी (e-Passport) का लागि आवेदन दिन इच्छुक नेपाली नागरिकले देहाय अनुसार गर्नुहुन अनुरोध छ:

१. राहदानीका लागि आवेदन दिनु पहिले निवेदकले आफ्नो नागरिकता प्रमाणपत्र/नाबालक परिचयपत्रको प्रतिलिपि सहित यस राजदूतावासमा उपस्थित भई वा राजदूतावासको ईमेल ठेगाना consularnepalembassy@gmail.com वा consular.delhi@mofa.gov.np वा WhatsApp No. +९१-८९२९६०१९२५ मा निवेदन दिनुपर्ने छ । नियोगले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नागरिकता प्रमाणपत्र/नाबालक परिचयपत्रको आधिकारिकता बुझी सूचित गरे पश्चात आवेदकले यो लिङ्कमा https://emrtds.nepalpassport.gov.np/ गई pre-Enrollment फाराम भर्नु पर्नेछ ।

२.राहदानी फाराम भर्नुपूर्व दिएको लिङ्कमा गई महत्वपूर्ण सूचनाहरू अनिवार्य रुपमा पढ्नु होला https://nepalpassport.gov.np/application-procedure/ ।

३. Pre-enrolment फारम भरिसकेका आवेदकले तोकिएको मिति र समयमा यस नियोगमा उपस्थित भई प्रत्यक्ष फोटो तथा बायोमेट्रिक डाटा प्रविस्ट गराउनु पर्ने छ ।

४. राहदानी सम्बन्धी थप जानकारीका लागि राजदूतावासको ईमेल ठेगाना consularnepalembassy@gmail.com वा consular.delhi@mofa.gov.np मा ईमेल पठाएर वा राजदूतावासको + ९१-११-२३४७६२००/+ ९१-११-२३३२७३६१ वा Hotline No: +९१-८९२९६०१९२५ (WhatsApp No. ) मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

५. विद्युतीय राहदानीको लागि चौतिस पृष्ठको हकमा भा.रु. ६,५००/- र छैसठ्ठी पृष्ठको हकमा भा.रु. १३,०००/- दस्तुर लाग्नेछ । दश वर्ष भन्दा कम उमेरका नाबालकको राहदानीको म्याद/पाना सकिई नयाँ विद्युतीय राहदानीको लागि आवेदन दिदा आधा दस्तुर लाग्नेछ । राहदानी हराई वा क्षति भई नयाँ राहदानीको लागि आवेदन दिंदा उल्लेखित दस्तुरको दोब्बर दस्तुर लाग्नेछ । अमेरिकी डलर र भारतीय रुपैंयाको विनिमयदरमा भएको परिवर्तनका कारण वि.सं. २०७९ साउन १ देखि लागू हुने गरी राहदानी दस्तुरमा उल्लेखित अनुसारको हेरफेर भएको ब्यहोरा अनुरोध छ ।

६. राहदानीको म्याद/पाना सकिई नयाँ राहदानी बनाउन, राहदानी हराई वा क्षति भएमा नेपाली नागरिकले नयाँ राहदानीका लागि आवेदन गर्न सक्नेछन् ।

७. हालको मेशिल रिडेबल राहदानी (MRP) को म्याद भएसम्म विद्युतीय राहदानी बनाउनु आवश्यक छैन । हराएको, क्षति-भएको अवस्था बाहेक एक वर्ष भन्दा बढी म्याद भएको MRP राहदानीको सट्टामा नयाँ राहदानी बनाउन पाईदैन ।

८. यो व्यवस्था लागू भए संगै नियोगले मेशिल रिडेबल राहदानी (MRP) को लागि आवदेन लिने कार्य २०७९ जेठ २५ गते तदनुसार सन् २०२२ जुन ८ देखि बन्द गरेको छ ।

नेपाली राजदूतावास, नयाँ दिल्ली
२०७९ साउन ०१